Website(Central):www.supremecourt.gov.np Email :tahasil.dcsunsari@supremecourt.gov.np

# सुनसरी जिल्ला अदालत

ईनरुवा
तहसिल शाखा

फोन नं.: ०२५-५६०१९४
फ्याक्स नं.: ०२५-५६०१९४

## दुई पाङ्ग्रे सवारी साधनहरुको वार्ताद्वारा बिक्री गरिने सूचना

सूचना प्रकाशित मिति २०७७/०५/२१

यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा प्राप्त हुन आई जिन्सिमा आम्दानी बाँधिएका दुईपाङ्ग्रे सवारी साधन(मोटरसाइकल तथा स्कुटर) थान-३६ को न्युनत्तम मूल्य रु.११,५८,०००।- (एघार लाख अन्ठाउन्न हजार) कायम गरी जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिम शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्ने प्रयोजनार्थ मिति २०७६।१०।०७ मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा कोही कसैको तर्फबाट शिलबन्दी बोलपत्र फारम दर्ता हुन नआएकोले पुनः ऐ.ऐ. नियम ९२(१०) बमोजिम मिति २०७६।१०।२८ मा दोस्रो पटक सूचना प्रकाशित गरिएकोमा दोश्रो पटक प्रकाशित सूचनामा पनि तोकिएको अवधिभित्र कसैको दर्खास्त प्राप्त हुन नआएको हुँदा वार्ताद्वारा सिधै बिक्री गर्ने प्रयोजनार्थ अनुमतीको लागि पेश गर्दा "मुल्यांकन समितिबाट भएको न्युनतम् मूल्यमा वार्तद्वरा सिधै बिक्री गर्ने गरी" मिति २०७७।०४।०८ मा निर्णय भएकोले जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(११) बमोजिम ईच्छुक व्यक्ति, संस्था वा फर्महरुबाट देहाय बमोजिमको सर्तहरुको अधिनमा रहि वार्ताद्वारा बिक्री गर्ने व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. वार्ताद्वारा बिक्री गरिने मिति, समय र स्थानः- २०७७/०५/२८ गते दिउँसो १:०० बजे यस अदालतको तहसिल शाखा

२. वार्तामा सहभागि हुने व्यक्ति, संस्था वा फर्मले मिति २०७७/०५/२७ गते ५:०० बजे सम्म व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी समेतसाथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट निवेदन दस्तुर रु.१००।- बुझाई वार्तामा सहभागी हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिति २०७७/०५/२८ गते १:०० बजे सम्पन्न वार्तामा स्वयं उपस्थित हुनु पर्नेछ । निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति, संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन । उक्त दिन विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सोहि मिति समयमा वार्ताद्वारा उपरोक्त सवारी साधनहरु बिक्री गरिनेछ ।

४. वार्तामा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एकजना व्यक्ति, संस्था वा फर्म मात्र उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति, संस्था वा फर्म उपस्थित भएमा उपस्थित व्यक्ति, संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने पक्षबीच वार्ता प्रकृयामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई सम्पुर्ण थान-३६ सवारी साधन(मोटरसाइकल तथा स्कुटर) एकमुष्ट लिन मन्जुर गर्ने पक्षलाई वार्ताद्वारा सिधै बिक्री गरिनेछ ।

५. वार्तामा आफूले कबुल गरेको रकमको १० प्रतिशतले हुने रकम सोहि दिन नगदै धरौट राख्नु पर्नेछ । वार्ता सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्नेव्यक्ति, संस्था वा फर्म बाहेक अन्यको धरौटी नियमानुसार फिर्ता गरिनेछ ।

६. वार्तामा सबभन्दा बढी अंककबुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिन भित्र आफूले कबुल गरेको मूल्यको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र बाँकी रकम समेत बुझाई सो बुझएको ५ दिन भित्र सवारी साधन उठाई लैजानु पर्नेछ । साथै मनासिब माफिकको कारणपरेमा बाहेक तोकिएको ७ दिन भित्र मूल्य अभिवृद्धि कर र बाँकीरकम नबुझाएमा वार्ता समयमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

७. वार्ताद्वारा बिक्री गरिने सम्पुर्ण सवारी साधनहरु तोकिएको न्युनतम् मूल्य वा सो भन्दा बढी मूल्यमा लिन मन्जुर गर्ने पक्षलाई वार्ताद्वारा बिक्री गरिने हुँदा सोको लाग्ने रकम एक मुष्ट कबुल गर्नु पर्नेछ ।

८. वार्ताद्वारा बिक्री गरिने सवारी साधन हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

९. एउटाको नाममा दर्ता हुन आएको निवेदन पत्र अन्यले प्रयोग गर्न पाउने छैन । निवेदन पत्र दर्ता गराई सकेपछि फिर्ता लिन पाईने छैन ।निवेदन अदालतको Email: tahasil.dcsunsari@supremecourt.gov.np मा पनि पठाउन सकिने छ ।